# पाठशाला सफ्टवेयरको लाईसेन्स सम्झौतापत्र

लिखितम्, जिल्ला काठमाण्डौं म. न. पा. वडा नं. ३४, थानेश्वर स्थित प्रधान कार्यालय रहेको *सफ्टल्याब ईंक प्रा. लि.* (यस पछि प्रथम पक्ष भनी सम्बोधन गरिएको) र <u>अछाम बहुमुखी क्याम्पस, मंगलसेन, अछाम</u> (यस पछि दोस्रो पक्ष भनी सम्बोधन गरिएको) का बीच यस सफ्टवेयर पाठशाला को प्रयोग र सेवा सम्बन्धी तपसिलका बुँदाहरुको अधीनमा रहेर यो सम्झौतापत्रमा राजीखुशी साथ हस्ताक्षर गरी एक-एक प्रति बुझी लियौं, दियौं ।

## <u>परिभाषा, शर्त, तथा बन्देजहरु</u>

**परिभाषाहरु :**

**सफ्टवेयरको परिभाषा**

यस सम्झौता पत्रमा उल्लेख गरिएका शब्दहरु "सफ्टवेयर", "यस सफ्टवेयर", "प्रथम पक्षको सफ्टवेयर", "पाठशाला सफ्टवेयर", "यो सफ्टवेयर" ले प्रथम पक्षले निर्माण गरेको पाठशाला नाम गरेको सफ्टवेयर, जसलाई एक शब्दमा पाठशाला भन्ने स्कुल तथा कलेज व्यवस्थापन गर्ने कम्प्यूटर सफ्टवेयर जनाउँदछ ।

**अध्यावधिकको परिभाषा**

यस सम्झौतापत्रमा अध्यावधिकको अर्थ पाठशाला सफ्टवेयरमा गरिने सुधार वा सम्पादन भन्ने हो ।

**सफ्टवेयरको लाईसेन्सको परिभाषा**

यस सफ्टवेयर प्रयोगको सम्बन्धमा प्रथम पक्षले दोस्रो पक्षलाई प्रदान गरेको एक अंक तथा अक्षर सम्मिश्रीत कोड नम्बर सफ्टवेयरको लाईसेन्स हो जुन प्रत्येक कम्प्युटर सिस्टमका लागि फरक फरक हुन्छ ।

**सफ्टवेयरको Installation को परिभाषा**

यस सफ्टवेयरलाई सुरुवात देखि कम्प्युटरमा राख्ने विधिलाई सफ्टवेयरको Installation भनिन्छ ।

**अतिरिक्त शुल्कको परिभाषा**

यस सफ्टवेयरको खरीद मुल्य तथा सेवा शुल्क बाहेक प्रथम पक्षलाई दोस्रो पक्षले प्रदान गर्ने शुल्क वा मुल्यलाई अतिरीक्त शुल्क भनिएको छ ।

**सफ्टवेयरको डाटाबेसको परिभाषा**

यस सफ्टवेयरको सम्पूर्ण तथ्याङ्क प्रविष्टि भएको कम्प्युटरको फाइल सिस्टमलाई डाटावेस भनिएको छ ।

**Server System तथा Client Workstation को परिभाषा**

यस सफ्टवेयरमा नेटवर्किङ्ग भनिने कम्प्युटरहरुको समुहहरुको सञ्जालमा प्रयोग गर्न सकिने प्रविधि भएको हुनाले यसलाई सञ्चालन गर्नका निमित्त एउटा विशेष कम्प्युटरको प्रयोग गर्न सकिन्छ जसलाई Server



Scanned with CamScanner

System भनिन्छ भने अन्य कम्प्युटरहरूले Server System मार्फत कार्य सम्पन्न गर्दछन् त्यसलाई Client Workstation भनिन्छ।

Hardware Requirement को परिभाषा

यस सफ्टवेयरलाई सञ्चालन गर्न चाहिने कम्प्युटरको पर्याप्त भौतिक सामाग्रीहरू।

3rd Party Software Requirement को परिभाषा

यस सफ्टवेयरलाई सञ्चालन गर्न चाहिने अन्य आधारभूत कम्प्युटरका सफ्टवेयरहरू। यी 3rd Party Software हरु अन्य कम्पनीको नाममा दर्ता भएका सफ्टवेयरहरू हुन। 3rd Party Software हरूको लाईसेन्स् लिनु परेको खण्डमा दोस्रो पक्षले स्वयं लिनुपर्नेछ।

दफा नं १

**निःशुल्क सेवा समयावधि :**

सम्झौतापत्र हस्ताक्षरको मितिले १२ महिनासम्म दोस्रो पक्षले निःशुल्क सेवा प्राप्त गर्नेछ।

**सफ्टवेयरको लाईसेन्सको प्रयोग, मूल्य, तथा सेवा शुल्क :**

यस सफ्टवेयर प्रयोगको सम्बन्धमा सफ्टवेयरको लाइसेन्सको प्रयोग, यसको मूल्य, र सेवा शुल्क तपशिलका बुँदाहरुको अधिनमा रहेर हुनेछन्।

१. दोस्रो पक्षलाई प्रथम पक्षले असिमित सिस्टम बाट सफ्टवेयर प्रयोग गर्न दिनेछ।

२. सफ्टवेयरको खरिद शुल्कवापत दोस्रो पक्षले भ्याट सहितको जम्मा रू. ४५०,०००/-
 अक्षरमा रू. चार लाख पचास हजार मात्र।
 प्रथम पक्षलाई सम्झौतापत्रमा हस्ताक्षर भएको समयमा प्रदान गर्नुपर्नेछ।

३. सेवा शुल्क वापत प्रति वर्ष रू ३०,०००/-
 अक्षरमा रू. तिस हजार मात्र।
 प्रथम पक्षलाई अग्रिम रुपमा एकमुष्ट दोस्रो पक्षले प्रदान गर्नेछ। प्रथम पक्षले दोस्रो पक्षकोमा आएर सेवा दिनुपर्ने खण्डमा, दोस्रो पक्षले आवत-जावत, खानपीन र बसाईको खर्च वा बन्दोबस्त मिलाउनु पर्नेछ।

४. दोस्रो पक्षले प्रथम पक्षलाई यस सम्झौतापत्र अनुसार तोकिएको समयभित्र बिना कुनै अवरोध सफ्टवेयरको खरिद शुल्क तथा सेवा शुल्क सम्बन्धि भुक्तानी प्रदान गर्नुपर्नेछ।

५. दोस्रो पक्षको कर्मचारीहरुलाई पुन तालिम प्रदान गर्नु परेको खण्डमा १ देखि ५ जना सम्मको लागि रु. ५,०००/- शुल्क लाग्ने छ। प्रथम पक्षले दोस्रो पक्षकोमा तालिम दिनुपर्ने खण्डमा, दोस्रो पक्षले आवत-जावत, खानपीन र बसाईको खर्च वा बन्दोबस्त मिलाउनु पर्नेछ।



Scanned with CamScanner

६. माथि उल्लेखित सबै रकमहरु मुल्य अभिबृद्धि कर बाहेकका हुन् ।

७. प्रथम पक्षले दोस्रो पक्षलाई निम्न उल्लेखीत सिस्टम चलाउनको लागि लाईसेन्स प्रदान गरेको छ ।

क. विद्यार्थी व्यवस्थापन ।

ख. कर्मचारी/शिक्षक व्यवस्थापन ।

ग. लेखा/बिलिङ्ग ।

घ. परिक्षा व्यवस्थापन ।

ङ. पुस्तकालय व्यवस्थापन ।

च. हाजिरी व्यवस्थापन ।

छ. एस.एम. एस. सेवा ।

ज. स्टोर व्यवस्थापन ।

दफा नं २

---

**कम्प्युटर सिस्टमका आवश्यकताहरु :**

दोस्रो पक्षले प्रथम पक्षको सफ्टवेयर दोस्रो पक्षको कार्यालयमा सञ्चालन गर्नका निम्ति निम्न लिखित कम्प्युटरका सामाग्रीहरुको उपलब्धता गराउने बारेमा सहमत छ ।

**Server System**

***Minimum Hardware Requirement***

- 2.4 GHz Pentium Core2Duo processor.
- 2 GB RAM.
- 50 GB of free disk space.
- Extra Hard Disk for Backup Storage.
- DVD-RAM drive for backup.

***3rd Party Software Requirement***

- Microsoft Windows 2000 Server Family OS or Windows 7 Professional or higher.
- Proper Driver Installation.
- Compatibility: Windows 2000 Professional or Windows XP Professional.
- Microsoft SQL Server 2008 R2 Enterprise Edition or higher.

दफा नं ३

---

**तालिम सम्बन्धि व्यवस्था :**



Scanned with CamScanner

प्रथम पक्ष तथा दोस्रो पक्ष, दुवैले, तालिम सम्बन्धि निम्न लिखित बुँदाहरुको अधिनमा रही आपसी समझदारी अनुरुप कार्य सञ्चालन गर्ने तथा गराउने विषयमा सहमत भएका छन ।

**बुँदाहरु :**

१. दोस्रो पक्षको कार्यालयमा प्रथम पक्षले कर्मचारी पठाएर पहिलो पटक निशुल्क तालिम प्राप्त गर्न सक्नेछ ।

२. दोस्रो पक्षकै कार्यालयमा तालिम सञ्चालन गर्दा भने निश्चित स्थान, निश्चित समय, तथा अन्य भौतिक पूर्वाधारको जगेडा गराउने कार्य दोस्रो पक्षको नै हुनेछ । तालिम सञ्चालन भएको समयमा कुनै पनि किसिमको अवरोध नआओस् भन्ने कुराको ध्यान दोस्रो पक्षले पुऱ्याउनुपर्ने हुनेछ । प्रथम पक्षले दोस्रो पक्षकोमा तालिम दिनुपर्ने खण्डमा, दोस्रो पक्षले आवत-जावत, खानपीन र बसाईको खर्च वा बन्दोबस्त मिलाउनु पर्नेछ ।

३. प्रथम पक्षका कर्मचारीहरुले दोस्रो पक्षलाई प्रथम पक्षको सफ्टवेयर सञ्चालन गर्ने कार्य सम्बन्धि मात्र तालिम प्रदान गर्नेछन् । लेखा नितीनियम तथा विधि सम्बन्धि, तथा हिसाब मिलाउने कार्य दोस्रो पक्ष आफैंले गर्नुपर्नेछ । पटक पटक तालिम प्रदान हुदाँ हुदै पनि दोस्रो पक्षका कर्मचारी तालिम असक्षम भएको खण्डमा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी गराउनेछ । यस्तो अवस्थामा दोस्रो पक्षले समस्याको प्रकृति हेरी त्यस सम्बन्धि निधान पत्ता लगाउने कार्य गर्नुपर्नेहुन्छ । यदि हुँदाहुँदै यस सम्बन्धि समाधान नहुने अवस्था आएको खण्डमा कुनै एक पक्षले शिक्षक, विद्यार्थी, तथा प्रत्येक पक्षका दुई जना न्युनतम अधिकृत तहका कर्मचारीहरुको बैठक बोलाएर समाधान गर्नुपर्नेछ ।

४. सफ्टवेयरमा तथ्याङ्क प्रविष्टि गर्ने कार्य दोस्रो पक्षको हुनेछ । कुनै विशेष परिस्थितिमा प्रथम पक्षले दोस्रो पक्षको हिसाब मिलाईदिनुपर्ने भएको खण्डमा वा प्रथम पक्ष स्वयंले तथ्याङ्क प्रविष्टि गरी दिनुपर्ने भएको खण्डमा दुवै पक्षको आपसी समझदारी अनुरुप अतिरिक्त शुल्क लाग्नेछ ।

**दफा नं ४**

---

**अध्यावधिक सम्बन्धि व्यवस्था :**

प्रथम पक्ष तथा दोस्रो पक्ष, दुवैले, अध्यावधिक सम्बन्धि निम्न लिखित बुँदाहरुको अधिनमा रही आपसी समझदारी अनुरुप कार्य सञ्चालन गर्ने तथा गराउने विषयमा सहमत भएका छन ।

Scanned with CamScanner

१. दोस्रो पक्षको संस्था-विशेष तथा वृद्धि-विशेष आवश्यकता सफ्टवेयरमा थप्नका लागि दुवै पक्षको सम्झौता अनुरुप अतिरिक्त शुल्क लाग्न सक्नेछ । तर अन्य कुनै संस्थाका लागि सफ्टवेयरमा थप गरिएको विशेषता दोस्रो निशुल्क रुपमा प्राप्त गर्न सक्नेछ ।

२. दोस्रो पक्षले कुनै पनि किसिमको गुनासो, सल्लाह, वा सुझावलाई इन्टरनेटको माध्यमद्वारा प्रथम पक्षको वेबसाइट *http://www.softlabinc.com* मा अथवा इमेल ठेगाना *mail@softlabinc.com* मा पठाउन सक्नेछ । यसका साथै अन्य वैकल्पिक माध्यमद्वारा पनि दोस्रो पक्षले सफ्टवेयर सम्बन्धी कुनै पनि किसिमको जानकारी प्रथम पक्षलाई गराउन सक्नेछ । सफ्टवेयरमा प्रथम पक्षले दोस्रो पक्षको गुनासो, सल्लाह, वा सुझाव अनुसार निरन्तर रुपमा सुधार ल्याउने छ । यस क्रममा सफ्टवेयरको अद्यावधिकलाई प्रथम पक्षले इमेल, सिडी, इन्टरनेट, प्रथम पक्षको वेबसाइट वा अन्य कुनै पनि माध्यमद्वारा दोस्रो पक्षलाई प्रदान गर्ने सक्नेछ ।

३. सफ्टवेयर सम्बन्धि अद्यावधिक वा अन्य कुनै पनि किसिमको कार्य दोस्रो पक्षले माग गर्नुपर्ने भएको खण्डमा संस्थाको लेटरप्याडमा लिखित रुपमा जानकारी प्रदान गर्नुपर्नेछ । प्रथम पक्षले मागहरुलाई FIFO विधि अनुरुप प्राथमिकताको सुचीमा राखी क्रमस अद्यावधिक प्रदान गर्दै लैजानेछ । लिखित प्रमाण बाहेकका टेलिफोन वा भेटवार्तामा प्रसंगवस उठाइएका माग तथा गरेका वाचा तथा कबोलहरुलाई कुनै पनि पक्षद्वारा महत्वको विषय बनाइने छैन ।

४. दोस्रो पक्षले सफ्टवेयरमा कुनै विशेषता थप गर्नुपर्ने भएको खण्डमा प्रथम पक्षलाई पर्याप्त समय तथा तत्सम्बन्धि परामर्श प्रदान गनुपर्ने हुन्छ ।

५. सफ्टवेयरको डाटाबेस मा दोस्रो पक्षले कुनै किसिमको परिवर्तन, परिमार्जन गरेको खण्डमा दोस्रो पक्षले त्यसको समाधान प्राप्त गर्न स्वयं प्रथम पक्षको कार्यालयमा डाटाबेस सहित उपस्थित हुनुपर्नेछ ।

६. सफ्टवेयर सञ्चालन सम्बन्धि समस्याको निधान प्राप्त गर्नको निमित्त प्रथम पक्षका कर्मचारीहरुलाई एक दिन अगावै सुचीत गर्नुपर्नेछ ।

७. दोस्रो पक्षको कारणले सफ्टवेयरमा तथ्याङ्क प्रविष्टि गर्ने कार्य नियमित गराउन नसकिएको खण्डमा वा दोस्रो पक्षकै कुनै कारणले गर्दा तालिम यथासमयमा सम्पन्न हुन नसकेमा प्रथम पक्षलाई भुक्तानी सम्बन्धि कुनै पनि किसिमको रोक लगाउने छैन ।

८. दोस्रो पक्षले Hardware तथा Networking सम्बन्धि समस्याको समाधान प्राप्त गर्न आफ्नै तवरबाट व्यवस्था मिलाउनुपर्नेछ । प्रथम पक्षले दोस्रो पक्षको Operating System, Hard Disk Drive, वा अन्य कुनै पनि Hardware Parts ले एक निश्चित अवधिका लागि राम्ररी काम गर्न सक्छ भन्ने कुराको प्रत्याभूति दिलाउन सक्दैन । यस कारणले सफ्टवेयरको डाटाबेसको Backup दोस्रो पक्षले समयसमयमा सावधानीपूर्वक राख्नुपर्नेछ ।



Multiple Campus

Scanned with CamScanner

६. Viruses, Malwares, अथवा Trojan Horses द्वारा संक्रमित सिस्टममा यस सफ्टवेयरको प्रयोगलाई निरुत्साहित गरिन्छ। तसर्थ यस्ता समस्या देखिएका सिस्टमहरुलाई दोस्रो पक्षले ठीक गराएर मात्रै प्रथम पक्षको अध्यावधिकहरु प्रयोग गर्नुपर्ने हुन्छ। यस्ता समस्या देखिएका कम्प्युटरलाई प्रथम पक्षको कर्मचारीहरुले मर्मत गर्नुपर्ने छैन।

दफा नं ५

---

**विविध व्यवस्था :**

**बुँदाहरु :**

१. दोस्रो पक्षले यस सफ्टवेयरको प्रदर्शनी वा प्रयोग तोकिएको कार्यालय र तोकिएको सिस्टमवाहेक अन्य कुनै पनि स्थान वा सिस्टममा नगर्ने सर्त मन्जुर गर्दछ।

२. सफ्टवेयरको शुल्क तथा सेवा शुल्क विभिन्न परिस्थितिजन्य कुराहरुमा भरपर्ने हुनाले भूतकालमा वा भविष्यमा अर्को कुनै संस्थालाई कम अथवा वढी मुल्यमा दिइएको वा दिइने हुनसक्ने भएको यसलाई विवादको विषय बनाउन पाइने छैन।

३ यस सम्झौतापत्रको दफा नं १ को बुँदाहरु अनुसार प्रथम पक्षले भुक्तानी नपाएको खण्डमा प्रथम पक्षले सेवा प्रदान गर्न वा अद्यावधिक प्रदान गर्न अस्विकार गर्न सक्नेछ।

४. सफ्टवेयरको लाइसेन्स कम्प्युटरको नेटवर्क कार्डको MAC [Media Access Control] Address, Processor, Motherboard मा निर्भर रहने हुँदा सो कार्ड वा अन्य उल्लेखीत कुनै सामाग्री बिग्रको खण्डमा अर्को लाइसेन्स दोस्रो पक्षले प्रथम पक्ष मार्फत तुरुन्त प्राप्त गर्न सक्नेछ। बिग्रको कार्ड वा सामाग्रीलाई प्रमाणको रुपमा प्रथम पक्षलाई दोस्रो पक्षले आउँदो समयमा देखाउनुपर्ने हुन्छ।

५. नेटवर्क कार्डको MAC [Media Access Control] Address, Processor, Motherboard को serial number सम्पादन गर्ने कार्य गर्ने कुनै पनि सफ्टवेयरको वा प्राविधिक प्रकृयाको प्रयोग दोस्रो पक्षले गर्न पाउने छैन।

६. दोस्रो पक्षलाई प्रदान भएको सफ्टवेयरको लाइसेन्स अन्य कुनै पनि संस्थामा प्रयोग गर्न पाइने छैन। यस्तो भएको भेटिएको खण्डमा यो सम्झौता स्वत रद्द हुनेछ तथा प्रदान भएका सम्पुर्ण सम्बन्धित लाइसेन्सलाई कालोसुचीमा राखेर सेवा अन्त्य गरिनेछ।

७ कुनै लिखित प्रमाण नभएको कुनै पनि पक्षका कर्मचारीहरुले गरेका कुनैपनि किसिमको वाचालाई मान्यता दिइने छैन।



Scanned with CamScanner

दफा नं ६

**समस्या समाधान गर्ने व्यवस्थाहरु**

- दुवै पक्षले सफ्टवेयरको समस्या समाधान प्रदान गर्न तपसिल बमोजिमका माध्यमहरुलाई प्राथमिकताको आधारमा राखी कार्य सञ्चालन गर्नेछन् ।

१. **टेलिफोन सम्पर्क**

दोस्रो पक्षले आवश्यक परेको खण्डमा प्रथम पक्षको फोन नम्बरहरुमा सर्म्पक गरेर सेवा प्राप्त गर्न सक्नेछ ।

२. **प्रथम पक्षका कर्मचारीहरु दोस्रो पक्षको कार्यालयमा गई सेवा प्रदान गर्ने**

प्रथम पक्षले दफा नं ६ को बुँदा नं १ अनुसार समाधान प्रदान गर्न नसकेको खण्डमा आफ्नो कर्मचारी पठाएर समाधान गर्नेछ ।

३. **दोस्रो पक्षका कर्मचारीहरु प्रथम पक्षको कार्यालयमा आएर सेवा लिने**

कुनै प्राविधिक कारणले दफा नं ६ को बुँदा नं २ अनुसार समाधान प्रदान गर्न नसकिएको खण्डमा दफा नं ४ को बुँदा नं ५ अनुसार दोस्रो पक्ष स्वयंले प्रथम पक्षको कार्यालयमा आएर सेवा प्राप्त गर्न सक्नेछ ।

४. **अन्य माध्यमहरु**

माथि उल्लेख गरीएको वाहेक दुबै पक्षलाई अनुकुल हुने गरी अन्य माध्यमहरु मार्फत सेवा आदान प्रदान गर्न वा गराउन सकिनेछ ।

दफा नं ७

**अन्य व्यवस्थाहरु :**

- यस सम्झौतापत्रमा उल्लेख गरिएका तथा उल्लेख नगरिएका शर्तहरु आउँदो समयमा पुनरावलोकन गरी दुबै पक्षले समझदारी अनुसार पनि काम गर्नुपर्ने हुन्छ ।
- यस सम्झौता करार ऐन, २०५६ बमोजिम लागू हुनेछ । पक्षहरु बीच कुनै विषयमा विवाद उत्पन्न भएमा दुबै पक्षको आपसी सहमति सहमतिमा समाधान गरिने छ । दुबै पक्षबीच सहमति हुन नसकेमा मध्यस्थता ऐन, २०५५ बमोजिम समाधान गरिनेछ ।
- यहाँ उल्लेख गरिएका बुँदाहरु तात्कालिन समय, वर्तमान, अथवा आउँदो समयमा नेपाल सरकारको ऐन, नियम, कानुन, वा निर्देशनसँग अमेल खानेगरी बाझेको खण्डमा अन्य बुँदाहरुलाई कुनैपनि असर नपुर्याई बाझिएका बुँदाहरु मात्र स्वत रद्ध हुनेछन् ।



Scanned with CamScanner

- यस सम्झौतापत्र विपरीत कुनै कार्य कुनैपनि पक्षद्वारा गरिएको खण्डमा प्रचलित कानुन अनुसार सजायको भागी वन्न/बनाउन दुबै पक्षलाई मन्जुर छ।
- यस सम्झौतापत्रको अवधि सम्झौतापत्रका मिति बाट ५ पांच वर्षको हुनेछ। त्यस पछि पुन आपसी समझदारी अनुसार अन्य कुरा यथावत रहि सेवा शुल्क परिवर्तन गरीने सम्झौता गर्नुपर्नेछ।

दुवै पक्षले यस सम्झौता पत्रलाई राम्ररी अध्ययन गरी, वुझेर, मान्य हुने देखि राजि खुशी यस सम्झौता पत्रमा हस्ताक्षर गरी एक/अर्कालाई एक/एक प्रति बुझी लियौं/दियौं।

मिति २०७५ साल ०३ महिना, १५ गते, रोज ०४ शुभम्।

प्रथम पक्ष

लक्ष्मण सिंह (९८००६६७७४४)

सफ्टल्याव प्रतिनिधी

दोस्रो पक्ष

छत्र बहादुर विष्ट (९८४८४११३९५)

क्याम्पस प्रमुख



Scanned with CamScanner

A

Case Study Report of Achham Multiple Campus

Titled as "How AMC Got Drastic Change Within a Few Years."

Submitted to

Administrative section of Achham Multiple Campus

Partial Fulfillment of QAA Programme

Presented by

Mr. Udaya Raj Dhungana (co-coordinator of EMIS cell)

Achham Multiple Campus

Submitted date: 2076/12/08

Achham Multipal Campus

Faculty of Education & Management

Mangalsen, Achham

2048

Achham Multipal Campus
Faculty of Education & Manageme
Mangalsen, Achham
2048

# Table of contents

Titles

Pages

1. Introduction of the study 1
2. Objective of the study 1
3. Delimitation of the study 1
4. Methodology of the study 2
5. Analysis and interpretation of the data 2-4
6. Conclusion and suggestion 4

## 1. Introduction of the study

This case study has attempted to investigate how Achham Multiple Campus got drastic change within a few years. This campus, established in 2048 B.S. is one of a leading campus in the far western province of Nepal. At present time this campus has brought massive change and developed all round performance. Now the campus has been running different streams of study like BBS , B.ED and master's degree programme specializing EPM and Nepali from the faculty of education. AMC has become an extra – ordinary college all over Nepal due to the causes or reasons of newly constructed large scale modern buildings, high use of ICT for administrative and teaching learning process, continuous improvement in students' learning achievement, appropriate management of e-library and computer lab, Students' discipline, proper sanitary system, etc.

## 2. Objective of the study

A study or investigation without any objectives becomes haphazard and cannot meet its target. This study has been done taking certain objectives. The main objectives of this study are as follows:

I. To find out how this campus got total change within few years.
II. To find out the factors or matters that have played vital role to bring change in the overall performance of this campus.
III. To find out the present situation of the campus.
IV. To find out the overall performance of the campus at present.
V. To suggest the campus administration and CMC to do better in the future.
VI. To suggest the lectures, students and parents to improve the educational condition and activities.
VII. To get feedback to treat the students, lecturers CMC members psychologically and diagnostically.

## 3. Delimitations of the study

Every investigation has its own limitation. Due to limitations of time, money and labor, an investigator has to limit his/her study and investigate each and everything of an institution . I have limited this study only to the aspect that how AMC got drastic change within few years. This study is confined within the teaching learning process, learning outcomes, use o modern technology , infra-structure, sustainable economic plan, collaborative relation between and among stake holders of this institution, in course of this study I have interviewed only few students, I have involved some other lecturers and beneficiaries of the campus in this study . Other necessary information had been collected from observation of the campus and its overall performance.

## 4. Methodology of the study

Any study or investigation needs some data and information to find out the desired facts, certain sources, tools and methods of the data collection that are to be applied in this study during data collection , are listed below;

### 4.1 Data collection

The following sources have been consulted as sources of data during the study to collect necessary data and information.

Primary data

- Data from different departments and their heads.
- Data from campus account section.
- Data from campus chief.
- Data from EMIS cell.
- Data from beneficiaries.
- Data from lecturers.
- Data from students and alumni.

Secondary data

- Campus record.
- Published news, articles and magazines.
-

### 4.2 Tools for data collection

The following tools of data collection have been used in this study:

→ Some questionnaires.
→ Questionnaire forms.
→ Interview
→ Class and field observation.
→ Notices etc.

## 5. Analysis and Interpretation of data

### 5.1 General introduction of the campus

| | |
|---|---|
| Campus name: | Achham Multiple Campus Mangalsen |
| Date of establishment: | 2048 B.S. |
| Address: | Mangalsen Municipality -5 Achham Nepal |

5.6 Management of e-library and computer lab

Traditional type of library has been transformed into modern one i.e. e- library. In AMC, library is run through electronic device. The students argue that they are now fully well- informed in the use of e-library, they require new skills to operate e- library system. Each department is equipped with laptop, printer, and photocopy machine and so on. Recently the campus has established a computer laboratory in a separate large room where he students are involved in the practical learning online classes, self-study activities and virtual classes.

## 6. Conclusion and suggestions

6.1 I completed the case study in short period but I tried to collect more data and information as far as possible. I studied and analyzed the available data information. The data and information show that AMC has brought all round change within short span of time. From the analysis of the data a, I came to the conclusion that AMC has become an extra – ordinary college all over Nepal due to the following causes or reasons:

- Newly constructed large scale modern buildings.
- High use of ICT for administrative and teaching learning process.
- Continuous improvement in students' learning achievement.
- Management of e-library and computer lab.
- Students' discipline, proper sanitary system, etc.

The end

EMIS Cell तथा सार्वजनिक सूचना समितिद्वारा संकलित

सुझाव सम्बन्धी प्रतिवेदन

श्रीमान् अध्यक्ष ज्यू
क्याम्पस सञ्चालक समिति
अछाम बहुमुखी क्याम्पस

अछाम बहुमुखी क्याम्पसको EMIS CELL तथा सार्वजनिक समितिद्वारा मिति २०७६ फागुन ७ गतेका दिन यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरु,अभिभावकहरु,चन्दादाताहरु तथा अन्य विज्ञ महानभावहरुबाट सुझाव संकलन गर्ने निर्णय गरियो । मिति २०७६ फागुन १० गतेका दिन EMIS CELL तथा सार्वजनिक समितिद्वारा सुझाव संकलन गरियो ।क्याम्पसको शैक्षिक भौतिक आर्थिक गुणस्तर सुधार गरी गुणस्तर प्रत्ययन गर्ने मुख्य उदेश्यका लागि सुझाव संकलन गरिएको देखियो ।

**यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुबाट प्राप्त सुझावहरु तपसिल बमोजिम छन ।**

- पर्याप्त खेल सामग्रीको व्यवस्था गर्नु पर्ने ।
- स्थलगत शैक्षिक भ्रमणको व्यवस्था हुनु पर्ने ।
- शुद्ध खानेपानीको व्यवस्था हुनु पर्ने ।
- शिक्षण सिकाई कार्यकलापमा सम्पुर्ण कक्षामा मल्टीमिडिया (Projector) व्यवस्था गरिनु पर्ने ।
- पुस्तकालयको सुविधा विहानी समयमा पनि उपलब्ध हुनु पर्ने ।
- विविध साँस्कृतिक कार्यकम गर्न क्याम्पसमा मञ्चको व्यवस्था गर्नु पर्ने ।

**चन्दादाता तथा अभिभावकहरुबाट प्राप्त सुझावहरु तपसिल बमोजिम छन ।**

- प्रतीक्षालयको व्यवस्था हुनु पर्ने ।
- स्तनपान र Changing Room को व्यवस्था हुनु पर्ने ।
- प्रशासनिक कार्य विहानी सिफ्टमा पनि हुनु पर्ने ।
- सबै विद्यार्थीहरु एवम् प्राध्यापक कर्मचारीहरुको पोशाक को व्यवस्था हुनु पर्ने ।

**सुझाव पेटीका बाट प्राप्त सुझावहरु**

- सबै विद्यार्थीहरुलाई पोशाकको व्यवस्था गर्न प्रशासनले पहल गर्नु पर्ने ।
- क्याम्पस हाता भित्र क्यान्टिनको व्यवस्था हुनु पर्ने ।

- प्राध्यापकहरु लामो बिदामा बस्नु नहुने ।

**फेसबुक बाट प्राप्त सुझावहरु**

- क्याम्पस सम्बन्धी सूचनाहरु बारम्बार पोष्ट गरिनु पर्ने ।
- क्याम्पसमा उपलब्ध नेट सुविधालाई प्रशासन र विद्यार्थीहरुका लागि अलग अलग व्यवस्था हुनु पर्ने ।

माथीका विविध श्रोतबाट संकलन गरिएका सुझावहरुको समिक्षा गर्दा क्याम्पसको आर्थिक भौतिक र शैक्षिक गुणस्तरर विस्तार गरी क्याम्पसको गुणस्तर प्रत्ययन गर्न महत्वपुर्ण भुमीका निर्वाह गर्ने सुनिश्चित देखिन्छ । आजको युग विज्ञान र प्रविधिको युग हो विश्व बदलिदो परिवेशमा अघी बढीरहेको छ । नयां नयां प्रविधिको विकास हुदैछ । त्यसकारण विश्व बजारमा खपत हुने दक्ष उच्च जनशक्ति तयार पार्ने हरेक शैक्षिक संस्थाको दायित्व बन्न पुगेको छ । क्याम्पसको आर्थिक स्थित मजबुद बनाउन बढी भन्दा बढी विद्यार्थी भर्ना हुन आवश्यक छ त्यसका लागि क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि हुनुपर्छ । भौतिक स्थिती सुधार गर्न सञ्चालक समिति क्याम्पस प्रशासन प्राध्यापक कर्मचारी अभिभावक चन्दादाता तथा शुभेच्छुक महानुभावहरुको अहम भुमी रहन्छ । क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि गर्नमा पनि विनीहरुकै तन मन धन बुद्धिविवेक तथा सकारात्मक सोचको आवश्यक्ता पर्दछ तसर्थ अछाम जिल्लको मुटुमा अवस्थित यस क्याम्पसलाई गुणस्तर प्रत्यायन गर्न उक्त सुझावहरु मनन गरी आगामी दिनमा क्याम्पसयो मुहार फेर्न सबै पक्षले हातेमालो गर्दै कांधमा कांध मिलाएर व्यक्तिगत स्वार्थ भन्दा माथी उठ्नु पर्ने आजको ज्वलन्त आवश्यक्ता देखिन्छ ।

क्याम्पसको गुणस्तर वृद्धि गर्नका लागि क्याम्पस प्रशासनले गर्न पर्ने कार्यहरुलाई सुझावको रुपमा तल प्रस्तुत गरिन्छ ।

- खेलकुद सामग्रीको व्यवस्था गर्न पहल गर्नु पर्ने ।
- स्थलगत शैक्षिक भ्रमणकको व्यवस्था मिलाउनु पर्ने ।
- प्रशासनिक कार्यलाई विहानी सत्रमा सञ्चालन गर्न पहल गर्नु पर्ने ।
- पुस्तकालयको सुविधा विहानी समयमा पनि उपलब्ध गराउने व्यवस्था मिलाउने ।
- सम्पुर्ण विद्यार्थीलाई कडाईका साथ अनिवार्य पोशाको व्यवस्था कार्यान्वयन गर्न पहल गर्नु पर्ने ।
- थप कक्षाकोठामा मल्टीमिडियाको व्यवस्था गर्नु पर्ने ।
- इन्टरनेटको पहुंच वृद्धि गर्नु पर्ने ।
- छात्राका लागि सेनेटरी प्याडको व्यवस्था गर्न पहल गर्नु पर्ने ।

मिति : २०७५/११/६

प्रतिवेदक
उदयराज ढकाल
संयोजक
EMIS टोली
तथा
सार्वजनिक सूचना समिति

EMIS Cell तथा सार्वजनिक सूचना समितिद्वारा संकलित

सुझाव सम्बन्धी प्रतिवेदन

श्रीमान् क्याम्पस प्रमुख ज्यू
अछाम बहुमुखी क्याम्पस

अछाम बहुमुखी क्याम्पसको EMIS CELL तथा सार्वजनिक समितिद्वारा मिति २०७६ फागुन ७ गतेका दिन यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरु,अभिभावकहरु,चन्दादाताहरु तथा अन्य विज्ञ महानभावहरुबाट सुझाव संकलन गर्ने निर्णय गरियो । मिति २०७६ फागुन १० गतेका दिन EMIS CELL तथा सार्वजनिक समितिद्वारा सुझाव संकलन गरियो ।क्याम्पसको शैक्षिक भौतिक आर्थिक गुणस्तर सुधार गरी गुणस्तर प्रत्ययन गर्ने मुख्य उदेश्यका लागि सुझाव संकलन गरिएको देखियो ।

**यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुबाट प्राप्त सुझावहरु तपसिल बमोजिम छन ।**

- पर्याप्त खेल सामग्रीको व्यवस्था गर्नु पर्ने ।
- स्थलगत शैक्षिक भ्रमणको व्यवस्था हुनु पर्ने ।
- शुद्ध खानेपानीको व्यवस्था हुनु पर्ने ।
- शिक्षण सिकाई कार्यकलापमा सम्पुर्ण कक्षामा मल्टीमिडिया (Projector) व्यवस्था गरिनु पर्ने ।
- पुस्तकालयको सुविधा विहानी समयमा पनि उपलब्ध हुनु पर्ने ।
- विविध साँस्कृतिक कार्यकम गर्न क्याम्पसमा मञ्चको व्यवस्था गर्नु पर्ने ।

**चन्दादाता तथा अभिभावकहरुबाट प्राप्त सुझावहरु तपसिल बमोजिम छन ।**

- प्रतीक्षालयको व्यवस्था हुनु पर्ने ।
- स्तनपान र Changing Room को व्यवस्था हुनु पर्ने ।
- प्रशासनिक कार्य विहानी सिफ्टमा पनि हुनु पर्ने ।
- सबै विद्यार्थीहरु एवम् प्राध्यापक कर्मचारीहरुको पोशाक को व्यवस्था हुनु पर्ने ।

**सुझाव पेटीका बाट प्राप्त सुझावहरु**

- सबै विद्यार्थीहरुलाई पोशाकको व्यवस्था गर्न प्रशासनले पहल गर्नु पर्ने ।
- क्याम्पस हाता भित्र क्यान्टिनको व्यवस्था हुनु पर्ने ।
- छात्राहरुका लागि सेनेटरी प्याड को व्यवस्था गरिनु पर्ने ।

- छात्राहरुका लागि सेनेटरी प्याड को व्यवस्था गरिनु पर्ने ।
- प्राध्यापकहरु लामो विदामा बस्नु नहुने ।

**फेसबुक बाट प्राप्त सुझावहरु**

- क्याम्पस सम्बन्धी सूचनाहरु बरम्बार पोष्ट गरिनु पर्ने ।
- क्याम्पसमा उपलब्ध नेट सुविधालाई प्रशासन र विद्यार्थीहरुका लागि अलग अलग व्यवस्था हुनु पर्ने ।

माथीका विविध श्रोतबाट संकलन गरिएका सुझावहरुको समिक्षा गर्दा क्याम्पसको आर्थिक भौतिक र शैक्षिक गुणस्तरर विस्तार गरी क्याम्पसको गुणस्तर प्रत्ययन गर्न महत्वपुर्ण भुमीका निर्वाह गर्ने सुनिश्चित देखिन्छ । आजको युग विज्ञान र प्रविधिको युग हो विश्व बदलिदो परिवेशमा अघी बढीरहेको छ । नयां नयां प्रविधिको विकास हुंदैछ । त्यसकारण विश्व बजारमा खपत हुने दक्ष उच्च जनशक्ति तयार पार्ने हरेक शैक्षिक संस्थाको दायित्व बन्न पुगेको छ । क्याम्पसको आर्थिक स्थित मजबुद बनाउन बढी भन्दा बढी विद्यार्थी भर्ना हुन आवश्यक छ त्यसका लागि क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि हुनुपर्छ । भौतिक स्थिती सुधार गर्न सञ्चालक समिति क्याम्पस प्रशासन प्राध्यापक कर्मचारी अभिभावक चन्दादाता तथा शुभेच्छुक महानभावहरुको अहम भुमी रहन्छ । क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि गर्नमा पनि यिनीहरुकै तन मन धन बुद्धिविवेक तथा सकारात्मक सोचको आवश्यक्ता पर्दछ तसर्थ अछाम जिल्लको मुटुमा अवस्थित यस क्याम्पसलाई गुणस्तर प्रत्यायन गर्न उक्त सुझावहरु मनन गरी आगामी दिनमा क्याम्पसको मुहार फेर्न सबै पक्षले हातेमालो गर्दै कांधमा कांध मिलाएर व्यक्तिगत स्वार्थ भन्दा माथी उठ्नु पर्ने आजको ज्वलन्त आवश्यक्ता देखिन्छ ।

क्याम्पसको गुणस्तर वृद्धि गर्नका लागि सञ्चालक समितिले गर्न पर्ने कार्यहरुलाई सुझावको रुपमा तल प्रस्तुत गरिन्छ ।

- स्तनपान र Changing Room को तत्काल व्यवस्था गर्न २ वटा कौठा निर्माण गर्नु पर्ने ।
- क्याम्पसको हाता भित्र क्यान्टिनको व्यवस्था गर्न क्याम्पस संगै जाडिएको घर भाडामा लिएर संचालन गर्न पहल गर्न पर्ने ।
- क्याम्पस हाता भित्र प्रतीक्षालयको व्यवस्था गर्न पर्ने ।
- विविध सांस्कृतिक कार्यक्रम गर्न क्याम्पसमा रहेको मेघाहललाई व्यवस्थित गर्न पहल गर्न पर्ने ।

मिति : २०६६/११/६

प्रतिवेदक

उदयराम ढुंगाना
संयोजक
EMIS तथा
सार्वजनिक सूचना समिति